annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०४ पृष्ठ १० | काठमाडौं, मंगलबार २९ साउन २०८१ | श्रावण शुक्लपक्ष दशमी, नेपाल संवत् ११४४ | TUESDAY, AUGUST 13, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# 'ऐन बन्दैमा टुंगिँदैन' संक्रमणकालीन न्याय

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकलाई प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पनि सहमतिमै पारित गर्ने तयारी छ । तर, द्वन्द्वपीडित र अधिकारकर्मी विधेयकमा रहेका त्रुटि सच्याउन आग्रह गरिरहेका छन् । १८ वर्षदेखि अल्झिरहेको संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउन दलीय सहमति भए पनि पीडितले न्यायको अनुभूति पाउन अझै केही वर्ष लाग्ने देखिएको छ ।

**दिनेश गौतम** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## स्थानीय सरकारका संभावना र चुनौती



**विकास खनाल**

इजलास

राज्य शक्तिको प्रयोगको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा शासकीय अन्तरसम्बन्ध छ। नागरिकका आवश्यकता परिपूर्ति तथा विकास निर्माणमा सरकारको उपस्थिति गराउन स्थानीय तह सक्रिय छन्।

विभिन्न अवसर र चुनौतीहरूका बाबजुद नागरिकका सीमित आवश्यकताहरू सम्बोधनमा यी प्रयासरत छन्। स्थानीय तह आफैंमा सरकार भएकाले आफैं कानुन बनाउने, स्थानीय स्रोत साधनको समुचित प्रयोग गर्ने, नागरिकका आवश्यकताका आधारमा सार्वजनिक खर्च गर्ने, तल्लो तहका आवश्यकताहरू माथिल्लो तहमा पुऱ्याउन सेतुको काम गर्ने, आफ्नो विशिष्ट पहिचान बनाउने जस्ता सम्भावना देखिएका छन्।


साथै ५ वर्षका लागि स्थायी राजनैतिक संरचना रहनु, विकासले प्राथमिकता पाउनु, राज्यबाट प्रदान गरिने सेवा एकद्वार प्रणालीबाट हुनु, स्थानीय परिवेश र नागरिकको अपेक्षा अनुकूल शासकीय अभ्यास हुनु सम्भावनाका क्षेत्रहरू हुन्। स्थानीय तहमा उपलब्ध स्रोत तथा साधनहरूको प्रभावकारी रूपमा उपभोग गर्ने, परिचालन तथा प्राप्त उपलब्धिहरूको समन्यायिक वितरण गर्नु, स्थानीय सेवा प्रवाहलाई छिटो, छरितो, मितव्ययी, पारदर्शी र गुणस्तरीय बनाउनु स्थानीय तहका लागि चुनौती बन्न सक्छ।

स्थानीय शासनको सबलीकरण गरी सार्वजनिक स्रोतको आवश्यकता र औचित्यताको आधारमा उपयोग गर्नुपर्ने अवस्था देखिएको छ। नेतृत्वले नीतिगत निर्णय गर्दा काल्पनिक विषयहरू र अल्पकालीन विषयहरूलाई प्राथमिकतामा राख्दा स्थानीय स्रोतको समुचित उपयोग हुन नसकेको छ। आम नागरिकलाई राष्ट्रप्रेमको भावना जागृत गराई जनप्रतिनिधिहरूलाई जिम्मेवार र जवाफदेहीका साथै राष्ट्रसेवक कर्मचारीहरूलाई उत्तरदायी वनाउन सके स्थानीय तहले विकासको बिगुल फुक्न सक्ने सम्भावना छ। स्थानीय निकायमा देखिएका समस्या, विकृति तथा कुरीतिहरूको अन्त्य गर्दै सहभागि, साझेदारी तथा सुशासनका माध्यमबाट विकास निर्माण र सेवा प्रवाह गर्नु जरुरी छ।

*(खनाल मालिका गाउँपालिका गुल्मीका प्रमुख प्रशासकीय अधिकृत हुन्।)*

## भारतीय विदेश सचिवको भ्रमण

# थप हवाई रुटदेखि पञ्चेश्वरको विषय उठान



**राधा खनाल** | *काठमाडौं*

नेपालले भारतसँग थप हवाई रुटसहित पञ्चेश्वर आयोजनाको बाँकी काम अगाडि बढाउने बारेमा छलफल गरेको छ। भारतीय विदेश सचिव दुई दिने भ्रमणका क्रममा नेपाल-भारत 'एयर कनेक्टिभिटी' बढाउन नेपाललाई थप हवाई रुटको उपलब्ध गराउन माग गरिएको छ। भारतीय विदेश सचिव विक्रम मिश्री र परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाबीच नेपाललाई थप 'हवाई रुट'को विषय उठान भएको हो। हाल नेपालमा एउटा मात्रै हवाई रुट रहँदै आएको छ।

उनीहरूबीच द्विपक्षीय सम्बन्धका विविध पक्षहरूका साथै आर्थिक एवं विकास सहायता तथा आयोजनाहरू लगायतका विविध विषयमा पनि छलफल भएको छ। भेटका क्रममा मन्त्री डा. राणाले नेपाल-भारत 'एयर कनेक्टिभिटी' बढाउन नेपाललाई थप हवाई रुटको उपलब्धताका लागि सचिव मिश्रीसँग कुराकानी गरेकी थिइन्। मन्त्री डा. राणाले नेपाल र भारतका सीमा क्षेत्र हुँदै आयात हुने तरकारी तथा फलफूलको गुणस्तर मापनसम्बन्धी परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न भारतको पहलका लागि पनि छलफल गरेकी छन्।

पञ्चेश्वर आयोजनाका बाँकी काम अघि बढाउने बारेमा मन्त्री डा. राणाले उठाएकी छन्। उनले पञ्चेश्वरको विषयमा धेरैजसो समस्या समाधान भइसकेका र बाँकी प्राविधिक समूहमार्फत अघि बढेर सम्बोधन गरिने विषयमा मिश्रीले आश्वासन दिएका छन्। मन्त्री डा. राणाले टनकपुर बाँधको नहरमा पानी छोड्न, बाडगंगा, खाँडो र राप्ती नदीको बाढी नियन्त्रण र जोखिम कम गर्ने सम्बन्धमा आवश्यक सहायता उपलब्ध गराउने विषयमा सचिव मिश्रीमार्फत भारत सरकारसँग कुरा उठाएकी छन्।

व्यापार तथा पारवहनसम्बन्धी वार्तालाई निरन्तरता दिनुपर्ने विषयमा पनि द्विपक्षीय कुराकानी भएको छ। मन्त्री राणाले जाजरकोट भूकम्पमा परेका पीडितहरूको उद्धार र सहायताका लागि भारत सरकारको सहयोगप्रति धन्यवाद दिएकी छन्। भारतीय विदेश सचिव मिश्रीले पूर्वप्रधानमन्त्री एवं प्रमुख प्रतिपक्षी दलन नेता तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग पनि भेट गरेका छन्।

भेटमा मिश्रीले नेपालबाट १० हजार मेगावट बिजुली खरिद गर्ने गरी भएको सम्झौतालाई उठाएका थिए। प्रचण्ड प्रधानमन्त्री हुँदा भएको विद्युत् खरिद बिक्री गर्ने सम्झौता ऐतिहासिक भएको मिश्रीको भनाइ उल्लेख गर्दै प्रचण्डका स्वकीय सचिव रमेश मल्लले भने, 'हजुर प्रधानमन्त्रीका रूपमा भारत भ्रमणमा जानुभयो। १० हजार मेगावट विद्युत् खरिद-बिक्रीको सम्झौता भयो, त्यो ऐतिहासिक छ।' मिश्रीले नेपालबाट भारत जाने विद्युत् चाँडै १ हजार मेगावाट पुग्ने भन्दै 'भारत जाने बिजुली अब छिट्टै १ हजार मेगावट पुग्छ, यो खबर सुनाउन पाउँदा हामी खुसी छौं,' उनले प्रचण्डसँग भनेका थिए। भेटमा प्रचण्डले आफू जुनसुकै भूमिकामा भए पनि नेपाल-भारत सम्बन्धलाई राम्रो बनाउन लाग्ने बताएका थिए।

विदेश सचिव मिश्री र परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्सालबीच पनि सचिवस्तरीय भेट भएको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता एवं सहसचिव अमृतबहादुर राईका अनुसार भेटमा दुई देशका बीचमा विगतमा भएका सहमतिहरू तथा भारतीय सहयोगमा सञ्चालित विभिन्न कार्यक्रमहरूलाई अझ क्रियाशील बनाउने विषयमा छलफल भएको थियो।

प्रवक्ताले राईले भने, 'खासगरी यो कुनै एजेन्डागतको बैठक होइन। परिचयात्मक भ्रमणमा आउनुभएको हो।' नेपाल-भारत सम्बन्धको सबै पक्षहरूमा छलफल र समीक्षा भएको हो। भारतीय सहयोगमा सञ्चालित परियोजनाहरू र दुई देशका बीचमा भएका विभिन्न संयन्त्रहरूको बैठक छलफलहरूलाई निरन्तरता दिने विषयमा पनि छलफल भएको हो।'

बाँकी पृष्ठ ६

## माओवादीमा नेतृत्व हस्तान्तरणको बहस

**राजकरण महतो** | *काठमाडौं*

नेकपा माओवादी केन्द्रमा उठेको नेतृत्व हस्तान्तरणको एजेन्डाबाट पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' आकुलव्याकुल देखिएका छन्। जारी स्थायी कमिटीको बैठकमा पार्टीको संगठनलाई चुस्तदुरुस्त, व्यवस्थित र जनताको आकर्षणको केन्द्र बनाउन पार्टी नेतृत्वमा प्रचण्डको विकल्प नेताहरूले खोजेका छन्। सत्ताको नेतृत्व प्रचण्डले नै गरे पनि पार्टीको नेतृत्वमा विकल्प खोज्नुपर्ने आवाज उठ्न थालेको छ। प्रचण्डले पार्टी नेतृत्वको लोभ छोड्नुपर्नेमा नेताहरूले चर्को दबाब दिइरहेका छन्। तर, प्रचण्ड बैठक नसकिँदै त्यसको व्यवस्थापनमा लागेका देखिन्छ। सोमबार ११ बजेबाट सुरु हुने भनिएको पार्टी बैठक रोकेर प्रचण्ड उच्चस्तरीय नेताहरूसँग छलफल गरेका थिए। अनि २ बजेपछि मात्रै बैठक सुरु भएको थियो।

बाँकी पृष्ठ ६

